प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०७६ असार १८ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेन्ट र सोसियल बर्कस् कार्यक्रमको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड, तेश्रो बर्ष दोश्रो खण्ड तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य आयुर्वेद चिकित्सा, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि, डिप्लोमा इन फार्मेसी, फिजीयोथेरापी, फरेष्ट्री कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक परीक्षा २०७६ साल श्रावण/भाद्र महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७६ साल श्रावण ०७ गते भित्र नियमित शुल्कमा र २०७६ साल श्रावण १४ गते भित्र विलम्व शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरुः**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. बार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ परीक्षा शुल्क रु २५००।- र सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २०००।- तथा बिलम्व शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोव्बर दस्तूर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र Web based online system मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोव्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एव नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी बैक भौचर बुझाउनु पर्नेछ र मिति २०७६।४।१६ भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गिकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७०/७१ (ई. सं. २०१३ ) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँने छन् ।

८. नियमित तर्फ सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको २०७४ देखि Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. आंशिक तर्फ शैक्षिक शत्र २०७०/७१ देखि २०७२/७३ (ई. सं. २०१३ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका परीक्षा आवेदन फारामसाथ www.ctevt.org.np मा उपलब्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0) मा अनिवार्य रुपमा बुझाउँनु पर्नेछ ।

११. सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिबर्तन हुने छैन ।

१२. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फारामा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१३. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वत : रद्द हुने छ ।

१४ अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१५. नियमित तर्फ सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ र परीक्षा आबेदन फाराम तथा प्रबेश पत्र सेतो कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१६. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम बर्षका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र पंहेलो रङ्को A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१७. आंशिक तर्फ शैक्षिक शत्र २०७०/७१ देखि २०७३/७४ (ई. सं. २०१३ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१८. प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा. बा. बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०००१२७८०१ मा,
प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा. बा. बैङ्क, जनकपुर शाखाको च. हि. नं. १२२०००६७०३०१ मा,
प्रदेश नं ३ को कार्यालय मकवानपुर, हेटौडाको रा. बा. बैङ्क, हेटौंडा शाखाको च. हि. नं. १३००००३६६९०१ मा,
गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा. बा. बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००००००२३४०१ मा,
प्रदेश नं ५ को कार्यालय बुटवल, रुपन्देहीको रा. बा. बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६००००३६१०१ मा
कर्णाली प्रदेशको कार्यालय बिरेन्द्रनगर, सुर्खेतको रा. बा. बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८००१५५२८०१ मा
सुदुर पश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा. बा. बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०००६५०८०१ मा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

१९. आंशिक तर्फ शैक्षिक शत्र २०७०/७१ देखि २०७३/७४ (ई. सं. २०१३ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर तथा बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा Symbol No. परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ र Symbol No. राख्दा Numbering Machine मा रातो रङ्को मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

२०. यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि उपलब्ध हुनेछ ।

**नोट : शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम मिति २०७६।०४।१४ गते ५:०० बजे भित्रमा Web based online system मा Entry गरिसक्नुपर्नेछ ।**

परीक्षा नियन्त्रक